मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज ३० गते बिहीबार ❑ 16 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखराका निजी अस्पतालले न्यूनतम पारिश्रमिक लागु गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज

पोखराका निजी अस्पतालहरूले स्वास्थ्य मन्त्रालयले तोकेको पारिश्रमिक लागू गर्न नसक्ने बताएकाछन् ।

निजी अस्पतालहरूको छाता संगठन एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन नेपाल (अफिन) गण्डकीले बुधबार पत्रकार सम्मेलन गर्दै सरकारले तोकेको दर अनुसार तलब दिने तर स्वास्थ्य मन्त्रालयले तोकेको पारिश्रमिक भने दिन नसक्ने स्पष्ट गरेको हो ।

आफुहरु श्रम ऐन अनुसार न्यूनतम पारिश्रमिक अधिकांशले लागु गरेको दाबी गर्दै अफिन गण्डकीका अध्यक्ष कपिल पोखरेलले स्वास्थ्य मन्त्रालयले तोकेको श्रम ऐन अहिलेको अबस्थामा उक्त रकम दिन नसक्ने बताउनुभयो । आफुहरुले श्रम ऐन अर्न्तगत न्यूनतम पारिश्रमिक १९ हजार ५ सय नघट्ने गरी दिएको बताउदै उहाँले स्वास्थ्य मन्त्रालयले तोकेको ३४ हजार ५ सय रुपैया मासिक तलव स्टार्फ नर्सहरुलानई दिन नसक्ने अवस्थामा रहेको दाबी गर्नुभयो ।

सरकारी स्थायी कर्मचारी सरह पारिश्रमिक दिनुपर्ने कानुनी व्यवस्था नभएकाले त्यसैअनुसार हुनुपर्छ भन्नु गलत भएको अध्यक्ष पोखरेलले स्पष्ट पार्नुभयो । हाल नेपाल मणिपाल टिचिङ हस्पिटल र जिएमसी अस्पतालमा कार्यरत नर्सहरूले पारिश्रमिक वृद्धि माग गर्दै आन्दोलन गरि रहनु भएको छ । निजी स्वास्थ्य मन्त्रालयले पाँचौं तहका स्वास्थ्यकर्मीका लागि तोकेको मासिक ३४ हजार ५ सय रुपैयाँ पारिश्रमिक पाउनुपर्ने स्टार्फ नर्सहरुले माग गर्नु भएको छ ।



तर जिएमसीका प्रिन्सिपल डा. रविन्द्र श्रेष्ठले भने सरकारले तोकेको न्यूनतम पारिश्रमिक १९ हजार ५ सय रुपैयाँ अस्पतालले दिइरहेको दाबी गर्नुभयो । हाल अस्पतालको ओपीडी सेवा र गम्भीर प्रकृतिको उपचार सेवा भने जारी रहेको उहाँले बताउनु भयो । त्यस्तै, मणिपाल शिक्षण अस्पतालका नर्सहरूले पनि पारिश्रमिक वृद्धि माग गर्दै केही दिनदेखि काम बहिष्कार गरिरहेका छन्। मणिपालले २४ हजारदेखि २९ हजार रुपैयाँसम्म तलब बृद्धि गर्ने सहमती भए पनि अन्ततः नर्सहरु सबैले नमाने पछि अबस्था अन्यौल भएको अस्पतालका निर्देशक डा. अविशेक मास्केले बताउनु भयो । मंगलबार एक सहमती गर्ने गरी केही स्टार्फ नर्सहरु राजि भए पनि बुधबार उक्त निर्णयबाट पछि हटेको अस्पताल श्रोतले जनाएको छ । अस्पतालमा दृर्घ रोगी, आकस्मिक, ओपीडी बाहेक अन्य सेवा प्रभावित भएको डा.मास्केले उल्लेख गर्नुभयो ।

अफिन गण्डकीले प्रेस विज्ञप्ति मार्फत आन्दोलनरत कर्मचारीहरूलाई सहमति र सहकार्यका माध्यमबाट समस्या समाधान गर्दै काममा फर्किन र व्यवस्थापन पक्षलाई पनि सहजीकरण गर्न आग्रह गरेको छ। स्वास्थ्य संस्थामा कार्यरत सबै नर्सिङ एवं अन्य स्वास्थ्यकर्मीको लागि न्यूनतम पारिश्रमिकको व्यवस्था कायम गर्न स्वास्थ्य तथा जनसऽ्या मन्त्रालयले निर्देशन दिएको छ। मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले सबै स्वास्थ्य प्रतिष्ठान, सरकारी अस्पताल ,मेडिकल कलेज, सामुदायिक तथा निजी अस्पताललाई पत्राचार गर्दै न्यूनतम पारिश्रमिक लगायतका सुविधा उपलब्ध गराउन आग्रह गरेको हो ।

मन्त्रालयको परिपत्रमा भनिएको छ, 'मेडिकल कलेज तथा स्वास्थ्य संस्थाबाट नर्सिङ् एवं अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक लगायतको सुविधामा अन्याय भएको भनि गुनासो आएको सो सम्बन्धमा स्वास्थ्य संस्थामा कार्यरत सबै नर्सिङ एवं अन्य स्वास्थ्यकर्मीको लागि न्यूनतम पारिश्रमिक र सेवा सुविधा नेपाल सरकार सरह नघट्ने गरी लागू गर्न यही मङ्सिर २७ गते सचिवस्तरीय निर्णय भएको हो ।

तोकिएको समय भन्दा बढी कार्यको लागि अतिरिक्त भत्ताको व्यवस्था गर्न, स्वास्थ्य तथा शैक्षिक संस्थाले करार (नियुक्ती सम्झौता) गरी राख्नुपर्ने, ज्यालादारीमा कार्य गराउन नपाइने, सक्कल शैक्षिक लब्धांक पत्रमा कार्यलयले राख्न नपाइने र अनुभवको पत्र प्रदान गर्नुपर्ने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्न पनि मन्त्रालयले निर्देशन दिएको छ ।

## सचेतना र पूर्वतयारीले डेङ्गु सङ्क्रमण न्यून

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज

यस वर्ष कास्कीको पोखरा महानगरपालिकामा डेङ्गु सङ्क्रमणदर न्यून देखिएको छ । गत वर्ष यही याममा डेङ्गु सङ्क्रमितको सङ्ख्या झण्डै नौ हजार पुगेकामा यस वर्ष हालसम्म जम्मा पाँच सय ५४ जनामा डेङ्गु रोग देखिएको महानगरको स्वास्थ्य महाशाखाले जनाएको छ । गत वर्ष डेङ्गुबाट पोखरामा तीन जनाको मृत्युसमेत गएको थियो । प्रदेशको स्वास्थ्य मन्त्रालयले पोखरालाई डेङ्गु सङ्क्रमणको 'हटस्पट' उल्लेख गरेको थियो ।

यस वर्ष डेङ्गु सङ्क्रमणको दरमा उल्लेख्य रूपमा कमी आएको महाशाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले बताउनुभयो । डेङ्गु सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि गरिएको पूर्वतयारी र समुदायको सजगताका कारण डेङ्गु फैलन नपाएको उहाँको भनाइ छ । प्रदेश जनस्वास्थ्य कार्यालय कास्कीका प्रमुख रामबहादुर नेपालीले गत वर्षको तुलनामा यस वर्ष जिल्लामा डेङ्गु सङ्क्रमणको दर झण्डै ७५ प्रतिशतले कम भएको बताउनुभयो । "गत वर्ष डेङ्गु सङ्क्रमण व्यापक रूपमा देखिएपछि । यस वर्ष मानिस आफैँ सजग भएको देखियो, सम्बन्धित निकायले पनि समयमै नियन्त्रण तथा रोकथामका उपाय अवलम्बन गरे", उहाँले भन्नुभयो, "पोखराका अस्पतालहरूको अनुगमन गर्दा पनि डेङ्गुका बिरामी धेरै कम भर्ना भएको पाइयो, अहिले डेङ्गुको खासै समस्या छैन ।" डेङ्गु सार्ने लामखुट्टेको मुख्य बासस्थान मानिने पुराना टायरलाई सरसफाइ तथा व्यवस्थापनमा अटोमोबाइल एसोसिएसनले अगुवाइगरेकोउहाँलेबताउनुभयो। डेङ्गुसार्नेलामखुट्टेकालागिमौसम पनि प्रतिकूल परेकाले समुदायमा रोगफैलननपाएकोप्रमुखनेपालीले बताउनुभयो । जाडोयाम सुरु हुन लागेकाले अब डेङ्गुको जोखिम पनि घट्दै जाने उहाँको भनाइ छ । साउनदेखि कात्तिकसम्मलाई डेङ्गु सङ्क्रमणको बढी जोखिमयुक्त समय मानिन्छ ।

डेङ्गु सङ्क्रमण रोक्न पोखरा महानगरपालिकाले सुरुदेखि नै समुदायस्तरमा सचेतनारअभिमुखीकरणकार्यक्रम सञ्चालन गरेको थियो । कक्षा ७ देखि १० सम्मका विद्यार्थी, महिला स्वास्थ्यस्वयंसेवीलगायतलाई पनि डेङ्गु सङ्क्रमण रोकथामका विषयमा सचेतना प्रदान गरिएको महानगरपालिकाका जनस्वास्थ्य निरीक्षक रेग्मीले बताउनुभयो ।

डेङ्गु परीक्षणका लागि 'किट' व्यवस्थापन र स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका काममा पनि महानगरको स्वास्थ्य महाशाखा लागिपरेको उहाँको भनाइ छ । हरेक व्यक्ति, परिवार र समुदाय सचेत नभएसम्म डेङ्गु रोकथाम र नियन्त्रण गर्न कठिन हुने जनस्वास्थ्य निरीक्षक रेग्मीले बताउनुभयो । डेङ्गु फैलाउने लामखुट्टेको टोकाइबाट जोगिन घर, कार्यालय र सार्वजनिकस्थलमा पानी जम्ने खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुँडा आदिमा पानी जम्मा हुन नदिने र त्यस्ता स्थल भेटिएमा नष्ट गर्नुपर्ने उहाँले बताउनुभयो । "समयमा जोखिम न्यूनीकरण र नियन्त्रण गर्न नसके डेङ्गुले महामारीको रूप लिनसक्छ", जनस्वास्थ्य निरीक्षक रेग्मीले भन्नुभयो, "जनघनत्व बढी भएका ठाउँमा डेङ्गु छिटो फैलने हुँदा सहरी क्षेत्रमा विशेष सावधानी अपनाउनुपर्छ ।"

डेङ्गु रोग सार्ने 'एडिस एजिप्टाइ' जातको पोथी लामखुट्टेको बासस्थान सबैभन्दा बढी पुराना टायरभित्र जमेको सफा पानीमा रहने गरेको छ । सफा र जमेको पानीमा उक्त लामखुट्टेले फुल पार्ने र लार्भा हुर्काउने गर्दछ । लामखुट्टेको सोही जीवनचक्र खल्बल्याउन बासस्थान खोज्ने र नष्ट गर्ने अभियान सञ्चालन गर्ने गरिएको हो । लामखुट्टेको टोकाइबाट बच्नु नै डेङ्गु नियन्त्रणको उत्तम उपाय भएको चिकित्सक बताउँछन् ।

## कार्यक्रम सञ्चालनपूर्व स्थानीय तहको स्वीकृति लिन आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज

कास्की जिल्ला प्रशासन कार्यालयले कुनै पनि कार्यक्रम सञ्चालन गर्नुपूर्व सम्बन्धित स्थानीय तहको स्वीकृति लिन सम्बद्ध सबैमा आग्रह गरेको छ ।

प्रशासनले सूचना जारी गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ अन्तर्गत स्थानीयस्तरमा हुने कार्यक्रम सञ्चालनको स्वीकृति/अनुमति सम्बन्धित स्थानीय तहबाट लिनुपर्नेमा कतिपय कार्यक्रम पूर्वस्वीकृति नलिई र स्थानीय प्रशासनलाई समेत पूर्वजानकारी नदिई सञ्चालन गरिएको पाइएको भन्दै अनुमति लिएरमात्र गर्न आग्रह गरेको हो । कास्की जिल्लाभित्र कुनै पनि सभा, समारोह, प्रदर्शन, परम्परागत तथा व्यावसायिक मेला, जात्रा, कन्सर्ट, सांस्कृतिक कार्यक्रम आदिको आयोजनापूर्व अनिवार्य रूपमा सम्बन्धित स्थानीय तहबाट कार्यक्रम सञ्चालनको स्वीकृति/अनुमति लिएर मात्र आवश्यक शान्ति सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन अनुरोध गरेको छ । निवेदन दिँदा कार्यक्रम अवधिभर आवश्यक शान्ति, सुरक्षाको व्यवस्थापनका लागि आयोजकको नाम र सम्पर्क नम्बर, कार्यक्रम सञ्चालन हुने मिति, स्थान, सुरु हुने तथा समापन हुने समय, सहभागी सङ्ख्यासमेत स्पष्ट खुलाउनुपर्ने प्रशासनले जनाएको छ । त्यस्तै निवेदनमा सम्बन्धित स्थानीय तहबाट कार्यक्रम सञ्चालनको स्वीकृति/अनुमति, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपिलगायतका कागजात पेस गर्न पनि प्रशासनले आग्रह गरेको छ ।


## १८ औं भाइटिका महोत्सव हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज

होटल संघ पोखरा नेपालले तिहारका अवसरमा आगामी कात्तिक ६ गते १८ औं भाइटिका महोत्सव २०८२ आयोजना गर्ने भएको छ । लेकसाइड स्थित होटल पौवामा यो महोत्सव हुन लागेको हो ।

संस्कृतिका माध्यमबाट पर्यटन प्रबर्द्धन गर्दै पर्यटन क्षेत्रलाई थप चलायमान बनाउने उद्धेश्यले महोत्सव आयोजना गर्न लागिएको संघका अध्यक्ष लक्ष्मण सुबेदीले जानकारी दिए । पछिल्लो पटक देशको विषम परिस्थितिका कारण पर्यटन क्षेत्र समेत प्रभावित हुन पुगेको भन्दै अध्यक्ष सुवेदीले महोत्सवले पर्यटनलाई पुरानै लयमा फर्काउन टेवा पुर्‍याउने विश्वास व्यक्त गरे । महोत्सवका विभिन्न देशका पर्यटकले भाग लिने र कतिपय दोहोर्‍याएर समेत टिका लगाउन आउने अपेक्षा गरिएको महोत्सवका संयोजक एवं संघका उपाध्यक्ष गणेशराज पहारीले जानकारी दिए । महोत्सवमा तिहारको महत्व, दिपावली तथा तिहारका पाँचै दिनका बारेमा सहभागी पर्यटकलाई जानकारी दिइने पनि संयोजक पहारीले बताए । तिहारको सांस्कृतिक पक्षलाई संरक्षण गर्दै यसैका माध्यबाट पर्यटक आकर्षित गर्ने अभिप्राय लिएको यसप्रकारको महोत्सव पोखराका लागि अर्को पर्यटकीय प्रडक्ट बन्दै गएको छ । पौने तीन बजे सुरु हुने महोत्सवमा उपस्थितिका लागि सम्पूर्ण मिडियाकर्मीलाई संघले अनुरोध गरेको छ । गोर्खा वियर र सोमरसबीले महोत्सवलाई सघाएका छन् । महोत्सवलाई नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकाले प्रबर्द्धन गर्दै छन् । अनलाइन पार्टनरमा रिभेल रहेको छ ।





# पोखरा र बागलुङको मानवसेवा आश्रमको भवन निर्माणमा बजेट अभाव

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज

'सडकआश्रित मानवरहित नेपाल' घोषणाको लक्ष्यसहित मानवता प्रवर्द्धन महाभियान सञ्चालन गरिरहेको मानवसेवा आश्रमका भवन निर्माणमा बजेट अभाव भएको छ ।

विसं २०७५ चैतदेखि निर्माण सुरु गरिएको कास्की र विसं २०७७ देखि निर्माण थालिएको बागलुङस्थित आश्रमको भवन निर्माण अझै सकिएको छैन ।

कास्कीको पोखरा महानगरपालिका-२५ हेम्जामा बनिरहेको भवनको बाहिरी संरचना तयार भए पनि शौचालय, पर्खाल, फर्निचर, रङरोगन, पलम्बिङ आदिको काम बाँकी रहेको आश्रमका केन्द्रीय सदस्य सदिस पुनले बताउनुभयो । "लागत योजनाअनुसार काम सक्न अझै रु एक करोड बजेट अपुग छ", उहाँले भन्नुभयो, "आश्रम निर्माणमा तीनै तहका सरकार र दाताहरूले आर्थिक सहयोग गर्नुभएको छ ।" दुई वर्षअघि भवन निर्माणका लागि पोखरा महानगरपालिकाले रु ७१ लाख उपलब्ध गराएको थियो । सोही वर्ष आश्रमले सञ्चालन गरेको महायज्ञबाट रु तीन करोडबढी आर्थिक सङ्कलन भएको केन्द्रीय सदस्य पुनले बताउनुभयो । रु पाँच लाख ११ हजार १११ सहयोग गर्ने दाताको नाममा कोठाको नामाकरण गरिने भएपछि २० भन्दा बढी त्यस्ता सहयोगीहरू जुटेको उहाँको भनाइ छ । रु १० करोडको लागतमा उक्त भवन बन्न लागेको केन्द्रीय सदस्य पुनले बताउनुभयो ।

चालु आवमा पोखरा महानगरपालिकाले रु ३५ लाख बजेट छुट्याए पनि 'जेनजी' आन्दोलनपछि उत्पन्न परि स्थितिका कारण बजेट प्राप्त हुने/नहुने अन्योल देखिएको उहाँको भनाइ छ । आश्रमको हेम्जा र छोरेपाटन गरी कास्कीमा दुईवटा सेवाकेन्द्र छन् । छोरेपाटन सेवाकेन्द्रमा महिला मात्र आश्रित छन् ।

सहयोगापेक्षी सडकआश्रित मानवहरूको उद्धार र जीवनरक्षामा आश्रम क्रियाशील छ । आश्रमले बेसहारा, अशक्त, अभिभावकविहीन, मानसिक तथा शारीरिक रूपमा कमजोर, सडकआश्रित मानवहरूको व्यवस्थापन, औषधोपचार र पालनपोषण गर्दै आएको छ । सुविधायुक्त भवन बनेपछि आश्रमको सेवामा सहजता थपिने केन्द्रीय सदस्य पुनले बताउनुभयो । भवन निर्माणमा गण्डकी प्रदेश सरकार, पोखरा महानगरलगायत सरकारी निकाय, सङ्घसंस्था र दाताहरूको हातेमालो रहेको उहाँको भनाइ छ । बजेट अभावमा बागलुङको आश्रममा पनि भवन निर्माण कार्य रोकिएको उक्त आश्रमका संयोजक विपना तामाङले जानकारी दिनुभयो । रु १२ करोड ७५ लाखको लागत योजनासहित उक्त आश्रमको भवन निर्माण सुरु गरिएको थियो । "भवनलगायतका संरचना निर्माणमा थप रु पाँच करोड बजेट लाग्ने अनुमान गरिएको छ", उहाँले भन्नुभयो, "यस वर्ष स्रोत जुटाउने कुरामा चुनौती थपिएको छ, सङ्घ सरकारले दिने भनेको बजेट कटौती हुने सम्भावना छ ।" भवन निर्माणमा अहिलेसम्म भण्डै रु पाँच करोड खर्च भइसकेको जनाइएको छ ।

प्रदेश सरकारलगायत अन्य सरकारी निकायबाट चालु आवमा बजेट विनियोजन नभएको संयोजक तामाङले बताउनुभयो । आगामी चैतभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएपनि बजेट अभावकै कारण तोकिएको समयमा भवन बन्ने अवस्था नरहेको उहाँको भनाइ छ । भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष निर्मल श्रेष्ठले भवनको ६० प्रतिशत भौतिक प्रगति भएको बताउनुभयो । "भवन निर्माणका लागि बाँकी स्रोत जुटाउन आगामी कात्तिकमा महायज्ञ लगाउने तयारीमा छौँ", उहाँले भन्नुभयो । बागलुङको आश्रम निर्माणमा प्रदेश सरकार, बागलुङ नगरपालिकासहितका स्थानीय तहलगायत विभिन्न सङ्घसंस्था र दाताहरूको सहयोग रहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो । अहिले बागलुङ बजारको अस्थायी संरचनाबाट आश्रम चलिरहेको छ । साँघुरो ठाउँबाट आश्रम सञ्चालन गर्नुपर्दा व्यवस्थापनमा जटिलता रहेको आश्रमका संयोजक तामाङले बताउनुभयो ।

परिवार र समाजबाट अपहेलित भएर सडकमा पुगेकाहरूको संरक्षण गर्ने उद्देश्यले स्थानीय अभियन्ता तथा स्वयंसेवी युवाहरूको पहलमा विसं २०७२ मा बागलुङमा आश्रम खोलिएको थियो । आश्रम मनोरोग, अपाङ्गता, गरिबीलगायत कारणले सडकमा पुगेका सहयोगापेक्षीको सहारा बन्दै आएको छ ।

अहिलेसम्म सयौँ सडक मानवलाई उद्धार गरिसकिएको र कैयनको परिवारसँग पुनर्मिलन भएको सो आश्रमका संयोजक तामाङले बताउनुभयो । बागलुङ नगरपालिकाले जग्गा व्यवस्थापन गरिदिएपछि दुई वर्षअघि आश्रमको भवन निर्माण सुरु भएको थियो । तीनतले उक्त भवन पनि दुई सय क्षमताको रहने संयोजक तामाङले बताउनुभयो । उक्त भवनमा योग, ध्यान र प्रशिक्षणका लागि छुट्टै कक्ष रहने जनाइएको छ ।



म्याग्दीको घोडेपानीमा पदयात्रा गर्दै पर्यटकः म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोडेपानीमा कास्कीको उल्लेरी हुँदै पदयात्रा गरेर आउँदै गरेका पर्यटक । सूर्योदय र हिमशृङ्खलाको अवलोकनका लागि समुद्री सतहदेखि दुई हजार ८०० मिटर उचाईमा अवस्थित घोडेपानीमा केही दिन यता पर्यटक आउने क्रम बढ्दो छ । तस्बिरः सन्तोष गौतम/रासस

# विन्ध्यवासिनी मन्दिरको नवदुर्गा महोत्सवमा ४१ लाखबढी भेटी सङ्कलन

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज

पोखराको प्रसिद्ध धार्मिक तीर्थस्थल विन्ध्यवासिनी मन्दिरमा आयोजना भएको नवदुर्गा महोत्सवमा रु ४१ लाख ७२ हजार भेटी तथा सहयोग सङ्कलन भएको छ ।

विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको आयोजनामा यही असोज ६ गते (घटस्थापना) देखि १५ गते महानवमीसम्म नवदुर्गा महोत्सव सञ्चालन गरिएको थियो । उक्त अवसरमा महोत्सवमा श्रीमद्देवी भागवत ज्ञान महायज्ञसहित विभिन्न धार्मिक कार्यक्रम सञ्चालन गरिएकामा उक्त अवधिभर नियमित पूजाआजा र महायज्ञमा गरी रु ४१ लाख ७२ हजार भेटी तथा आर्थिक सहयोग सङ्कलन भएको समितिका सचिव तीर्थ श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार विजयादशमीको पावन अवसरमा विसं २०६४ देखि विध्यवासिनी नवदुर्गा महोत्सवको आयोजना गर्दै आएको छ । महोत्सवका अवसरमा विन्ध्यवासिनी नवदुर्गा शोभायात्रा र श्रीमद्देवी भागवत ज्ञान महायज्ञ गरिँदै आइए पनि यस वर्ष गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका कारण पूर्वतयारीमा बाधा पुग्न गएकाले शोभायात्रा भने स्थगित गरिएको थियो ।

अढाइ शताब्दी अघिदेखि पूजाआजा हुँदै आएको मानिने यस मन्दिरको स्थापना कास्कीका अन्तिम राजा सिद्धिनारायण शाहको पालामा भएको इतिहासमा उल्लेख छ । मन्दिरको संरक्षण विकास र प्रवर्द्धन गर्ने उद्देश्यका साथ विसं २०४३ मा विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको गठन गरिएको थियो । समितिको गठनपश्चात् यस धार्मिक क्षेत्रमा भौतिक पूर्वाधारहरूको निर्माण, सौन्दर्यकरण, सामाजिक, धार्मिक तथा आध्यात्मिक जागरणसम्बन्धी कार्यहरू हुँदै आएका छन् । समितिले विन्ध्यवासिनी दर्शन गर्न पोखरा आउने श्रद्धालु भक्तजनहरूबाट प्राप्त भेटी तथा दान दातव्यलाई जनहितको कार्यमा प्रयोग गर्दै आएको छ ।

विभिन्न पर्व तथा उत्सवका पूजन धार्मिक आध्यात्मिक जागरण तथा संस्कृतिको जगेर्ना गर्ने उद्देश्यका साथ विभिन्न पर्वहरूका उपलक्ष्यमा मन्दिरमा विशेष पूजनोत्सव आयोजना गर्ने गरिएको छ । विशेषतः साउनमा शिव पूजनोत्सव, गणेश चौथीमा गणेश पूजनोत्सव, श्रीपञ्चमीमा सरस्वती पूजनोत्सव, श्रीकृष्ण जन्माष्टमीमा श्रीकृष्ण जन्मोत्सव, रामनवमी, हनुमान् जयन्ती, शिवरात्रिमा विशेष कार्यक्रमहरू हुँदै आएका छन् ।

# तरकारी र गाईपालनसँगै फूल खेतीतर्फ आकर्षित तिमिल्सिना

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज



पोखरा महानगर-१३, उदगमटोलका ३७ वर्षीय सूर्यराज तिमिल्सिना पछिल्ला वर्षहरूमा कृषिक्षेत्रमा सफल उद्यमीका रूपमा रमाउदै हुनुहुन्छ । तरकारी र गाईपालन व्यवसायसँगै उनले यस वर्ष तिहार लक्षित सयपत्री फूल खेती समेत गर्नु भएको हो ।

कालिका पशुपालन फार्ममार्फत उहाँले यस वर्ष फूल बिक्रीबाट मात्र दुई लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य राख्नु भएको छ । पोखरा महानगरपालिकाले तिहारको फूल उत्पादनमा अनुदान दिएपछि उहाँले तरकारी खेतीसँगै फूल खेती पनि गर्न थाल्नु भएको हो । पछिल्ला आठ वर्षदेखि तरकारी खेती र १५ वर्षदेखि गाईपालन गर्दै आउनु भएको तिमिल्सिनाले यो सिजनमा करिब २२ रोपनी जग्गा भाडामा लिएर व्यवसायिक रूपमा खेती गर्नु भएको हो । अहिले उहाँको फार्ममा काउली, बन्दा, टमाटर, साग, सिमी, ब्रोकोली र सयपत्री फूल फुलेका छन् ।

तिमिल्सिनाको फार्ममा १८ वटा गाई छन्, जस मध्ये १४ वटाले दैनिक १०० लिटर भन्दा बढी दूध उत्पादन गर्नु हुन्छ । दूधका साथै उहाँले आफ्नै उत्पादनका फलफूल र तरकारीहरू शान्ति वन वाटिकास्थित व्यवसायिक स्टलबाट बिक्री गर्दै आउनु भएको छ । साउदी अरब र मलेसियामा सात वर्ष विदेशमा काम गरी तिमिल्सिना स्वदेश फर्किएपछि आफ्नी श्रीमती, दुई छोरी, आमा-बुबा र दाजु-भाउजु सहितको १० जनाको परिवारलाई स्थानीय स्तरमै रोजगारमूलक बनाउनु भएको छ । अन्य चार जनालाई प्रत्यक्ष रोजगार दिनु भएको तिमिल्सिनाले स्थायी संरचना बनाउन नपाउँदा अस्थायी बाँसका टनेल प्रयोग गर्दा बारम्बार हावा र हुरीले क्षति पुऱ्याउने समस्या भोग्नु परेको गुनासो गर्नुभयो । "यदि हामीजस्ता किसानलाई १० वर्षसम्मको स्थायी जग्गा भाडामा दिने व्यवस्था मिलाइयो भने अझ आत्मविश्वासका साथ लगानी गर्न सकिन्छ," तिमिल्सिनाले भन्नुभयो । फूल खेतीतर्फको नयाँ प्रयासले तिमिल्सिना मात्र होइन, स्थानीय किसानहरूलाई समेत प्रेरित बनाएको छ । महानगरको अनुदानका कारण किसानहरू तिहारका लागि घरेलु फूल उत्पादनमा उत्साहित हुनु भएको हो । पोखरा महानगरपालिकाकाले विगत केही बर्ष देखि फुल उत्पादनमा अनुदान दिएसँगै स्थानिय रुपमा फुल उत्पादन हुन थालेको महानगरका आर्थिक बिकास महाशाखा प्रमुख मनोहर कडरियाले बताउनु भयो । यस बर्ष पोखरा महानगरले फुल बिक्रि गर्न विभिन्न ठाँउमा बिक्रि केन्द्र समेत तोक्ने भएको बताउदै उहाँले फुलको समेत मुल्य निर्धारण गरिने जनाउनु भयो । स्थानिय फुललाई प्रथमिकता दिन आग्रह गर्दै कडरियाले पछिल्लो बर्ष देखि स्वदेशी फुलले पोखराको बजार धान्न थालेको दाबी गर्नुभयो ।

# क्रिकेटः नेपाल टी-२० विश्वकपमा छनोट

**रासस**
काठमाडौं, २९ असोज

नेपालले अर्को वर्ष भारत र श्रीलङ्कामा आयोजना हुने टि-२० आइसिसी विश्वकप, २०२६ का लागि छनोट भएको छ । ओमानमा जारी एसिया एण्ड इएपी छनोटमा शीर्ष तीनमा परेसँगै नेपाल विश्वकपका लागि छनोट भएको हो ।

जारी प्रतियोगिताको 'सुपर सिक्स'मा बुधबार युएईले सोमाओलाई ७७ रनले पराजित गरेसँगै नेपालले विश्वकपमा स्थान सुरक्षित गरेको हो । यससँगै नेपालले लगातार दोस्रो तथा समग्रमा तेस्रो पटक विश्वकपमा पुग्न सफल भएको हो । यसअघि नेपालले सन् २०१४ र २०२४ को विश्वकप खेलेको थियो । गणितीय समीकरण अनुसार यदि सामोआले युएईलाई हराएको भए विश्वकपमा पुग्न नेपाललाई थप दुई अङ्कको आवश्यक पर्दथ्यो ।

तर खेल युएईले जित निकालेसँगै नेपालको विश्वकप यात्रा सहज बनेको हो । साथै ओमानले पनि विश्वकपमा स्थान पक्का गरेको छ । आजै सम्पन्न अर्को खेलमा कतारले जापानलाई तीन विकेटले हराएसँगै ओमान पनि विश्वकपमा पुगेको हो । नेपाल र ओमानले हाल तीन खेलबाट ६ अङ्क जोडेका छन् । युएईको चार अङ्क रहँदा जापान र कतारको समान दुई अङ्क छ ।

अब अन्तिम खेलमा युएईले जापानको सामना गर्दैछ । उक्त खेलपछि विश्वकपमा पुग्ने तेस्रो टोलीको टुङ्गो लगाउने छ । बुधबार हुने सुपर सिक्सको आफ्नो तेस्रो खेलमा नेपाल ओमानसँग खेल्नेछ ।

# छ महानगर र ११ उपमहानगरभित्र घरजग्गाको कारोबार गर्दा अनुमति लिनुपर्ने

**रासस**
काठमाडौं, २९ असोज

सरकारले रु तीन करोड मूल्यभन्दा माथिको घरजग्गा कारोबार कम्पनीमार्फत गर्दा अनिवार्य अनुमति लिनुपर्ने व्यवस्था गरेको छ ।

घरजग्गा कारोबारका लागि सीमा निर्धारण गर्दै सरकारले कम्पनी दर्ता र जग्गाको क्षेत्रफल जतिसुकै भएपनि हुने व्यवस्था गरेको हो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मालपोत ऐन, २०३४ को दफा २६ (क) र (ख)को प्रयोजनका लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको छ । घरजग्गा कारोबार गर्ने क्षेत्रका रुपमा हाल छ वटा महानगरपालिका र ११ वटा उपमहानगरपालिका तोकेको छ । काठमाडौँ, ललितपुर, विराटनगर, विरगञ्ज, भरतपुर र पोखरा महानगरपालिकाभित्र हुने घरजग्गाको कारोबार गर्दा अब अनुमति लिनुपर्नेछ । यस्तै, धरान, इटहरी, जनकपुरधाम, जीतपुरसिमरा, कलैया, हेटौडा, बुटवल, घोराही, तुल्सीपुर, नेपालगञ्ज र धनगढी उपमहानगरपालिकाभित्र पनि सोही व्यवस्था बमोजिम नै घरजग्गाको कारोबार हुने जनाइएको छ । घरजग्गाको कारोबार गर्ने क्षेत्रफल जतिसुकै भएपनि हुने र एक पटकमा रु तीन करोडभन्दा माथिको कारोबार गर्दा अनुमति लिनुपर्ने भएको हो । त्यसका लागि भूमि व्यवस्था तथा अभिलेख विभागका महानिर्देशकलाई सम्बद्ध अधिकारी तोकिएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव केदारनाथ शर्माले सोमबार राजपत्रमा सूचना प्रकाशित भएको जानकारी दिनुभयो । यस्तै, मन्त्रालयले भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ र सो आदेश बमोजिम गठन भएको भूमि समस्या समाधान आयोग र सबै जिल्लामा गठन भएका समिति समेत खारेज गर्ने निर्णय भएको जानकारी दिनुभयो ।


## हात धोऔं, रोगको सङ्क्रमणबाट बचौं ।

- सधैं साबुन र पानीले हात धोऔं,
- खाना खानु अघि र पछि हात सफा राखौं,
- शौचालय प्रयोग गरेपछि अनिवार्य हात धुने गरौं,
- खोक्दा, फोहोर वस्तु समातेपछि हात सफा गरौं,
- रोग लाग्नबाट वच्न हातधुने अभ्यासलाई आत्मसाथ गरौं,
- वालवालिकालाई हातधुन सिकाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

सपनामा मैले देखे जीवन सौन्दर्य हो, व्यूझ्दा मैले पाए जीवन कर्तव्य हो । - फारसी उखान

## सम्पादकीय

# जेनजीका नाममा अराजकता स्वीकार्य छैन

एक महिना अघि भएको जेनजी आन्दोलनले नेपाली राजनीतिलाई स्वच्छतामा लैजाने आशा धेरैले गरेका थिए । देशमा व्याप्त भ्रष्टाचार , कुशासन र दलको सिण्डिकेट विरुद्ध भएको जेनजी आन्दोलनको तत्कालीन सत्ता संचालक र सत्ताकांक्षी दलले पनि सकारात्मक रुपमा लिएका थिए । उनी हरुले शुरुमा उठाएका मुद्दामा असहमति थिएन । कुन रुपमा सम्बोधन गर्ने भन्नेमा एक मत बन्न सकेको थिएन । जेनजीले गरेको आन्दोलनमा पाका र अन्य उमेर समूहको समर्थन थियो भन्ने आन्दोलनमा उत्रेर प्रमाणित भएको थियो । एक महिनापछि आशा गरिएका जेनजी युवाहरू अहिले आम जनताका नजरमा अराजकताका प्रतिनिधिका रूपमा स्थापित हुन थालेका छन् ।

संस्थान, सरकारी कार्यालय तथा निजी व्यापारिक संस्थाहरूमा समेत अनधिकृत रूपमा हस्तक्षेप र असुलीका आरोप उनीहरूमाथि लाग्न थालेका छन् । भदौ २३ र २४ गते भएको आन्दोलन र विध्वंशमा सबै राजनीतिक समूहहरूले जेनजीलाई शंकाको सुविधामात्र दिएका छैनन्, त्योबेलाका विध्वंसात्मक गतिविधि जेनजीहरूबाट नभएको अभिव्यक्तिसमेत दिइरहेका छन् । जेनजीप्रतिको विश्वास हो ।

त्यो विश्वासमा अहिले एक महिनामा नै नेपाल वायु सेवा निगम र नागरिक उड्डयन प्राधिकरणका कार्यकारीहरूसँग भेटी राजीनामा माग्ने ,भोटेकोसीको निशुल्क शेयर माग्ने, वा वडाहरूमा समेत जेनजी समूह बनाई गैरव्यवसायिक लाभ लिनेजस्ता कार्यहरूमा जेनजीहरू लाग्न थालेको समाचार आउँदा हिजो माओवादीका नाममा फिरौती आतंक चलाउने समूहभन्दा जेनजी फरक होलान् त भन्ने सन्देश प्रवाह भइरहेको छ। अझ पटकपटक अभियोग लागेका,ठगीमा परेका र अभद्र व्यवहार गरेको आरोपितले नै सरकारी र निजी क्षेत्रलाई धम्क्याउने काम कानुनी शासनको विरुद्ध हो ।

जेनजीलाई सकारात्मक राजनीति, भ्रष्टाचार विरोधी अभियान र राजनीतिक शुद्धिकरणका लागि दबाब समूह मान्ने ठूलो नागरिक जमातका लागि लोप्पा हो।विगतको पृष्ठभूमि नहेरी विश्वास गर्नेलाई ठूलो पाठ हो । जेनजी आन्दोलनका नाममा सत्ता परिवर्तन भएको छ। तर के भ्रष्टाचारबिरुद्धको आन्दोलनको जगमा आएको सत्ताले जेनजीका नाममा भएका यस्ता भ्रष्ट गतिविधिलाई बेवास्ता गर्न मिल्छ ? गृहमन्त्री ओमप्रकाश अर्यालको प्रशासनिक र नैतिक दायित्व के ? राज्य संयन्त्र प्रयोग गरेर छुट दिने गृहमन्त्रीको आदेशले भएको हो भन्नेमा कुनै सन्देह छैन ।

उनले यसमा कुनै कारबाही नगर्दा उनको समूहको चाहनामा यो भइरहेको त छैन भन्ने आशंका समेत जनमानसमा बढ्न थालेको छ । प्रधानमन्त्रीले यसबारे अर्याललाई जिम्मेवार नठहऱ्याए र दोषी जेनजी तथा यस्ता प्रवृत्तिलाई कानुनको घेरामा नल्याए यो सरकारकै पतनको कारण बन्नसक्ने छ । नेपाली जनतालाई धोका दिने यस्ता तत्व र प्रबृत्तिका विरुद्ध सचेत नागरिकबाट खबरदारी आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सामुदायिक विकासमा सघाउँदै तनहुँ जलविद्युत् आयोजना

**पोखरापत्र संवाददाता**
दमौली, २९ असोज

तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाटक्षमताको तनहुँ जलविद्युत् आयोजनाले सामुदायिक विकास कार्यक्रमअन्तर्गत साउन र भदौमा पाँच योजना सम्पन्न गरेको छ ।

ऋषिङ गाउँपालिका-१ र म्याग्दे गाउँपालिका-१ लिवाङ्खोला जोड्ने झोलुङ्गे पुल मर्मत, ऋषिङ-१ स्थित ठाँटी निर्माण तथा दुले लोक्मा पैदलमार्ग निर्माण, व्यास नगरपालिका-१ स्थित सेतीछाब्दी घाट संरक्षण, ऋषिङ-१ स्थित तल्लो सेटाङ भाल्कोन सडक निर्माण र ऋषिङ-७ स्थित कोटदरवार माच्दाङ सडक स्तरोन्नति योजना सम्पन्न भएका आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार आयोजना प्रभावित क्षेत्रहरूमा उपभोक्ता समितिमार्फत सामुदायिक विकास तथा जीविकोपार्जन पुनर्स्थापन कार्यक्रम सञ्चालन गरिएको हो । भण्डारीले उपभोक्तासमितिमार्फतसञ्चालित योजनाको वातावरणीय तथा सामाजिक व्यवस्थापन सेवा प्रदायक निकायबाट नियमित रूपमा अनुगमन गरिएको बताउनुभयो । उहाँका अनुसार यस अवधिसम्म सामुदायिक विकासतर्फका ७९ वटा योजना सम्पन्न भइसकेका छन् भने १३ वटा सञ्चालित छन् । व्यास-५ स्थित पराशर माध्यमिक विद्यालयको प्रवेशद्वारा मर्मत, म्याग्दे-३ को किलचोक शाखा सडकको नाली निर्माण, ऋषिङ-१ मिलन सडकको नाली निर्माण, ऋषिङ-७ को डाँडीवन चुलेसी पहुँच मार्ग, व्यास-५ को सेतीमादी घाट सुधार, भिमाद-५ को वानटाङ खोलामा पक्की पुल निर्माण जारी रहेको आयोजना प्रमुख भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार व्यास-५ मा पहुँच सडकसँग जोडिएको स्थानबाट गाउँतर्फ जाने सडक निर्माण, सेतीनदी दायाँ किनार संरक्षण र खानेपानी मुहान सुदृढीकरण कार्यक्रम जारी छन् ।

ऋषिङ-१ मा खानेपानी मुहान तथा पाइप सुधार सहयोग कार्यक्रम, खानेपानी मुहान सुदृढीकरण तथा पाइप जडान र तल्लो सेटाङ भाल्कोन सडक निर्माण भइरहेको जनाउँदै उहाँले भिमाद-५ को मिछुर्लुङ खानेपानी आपूर्ति योजनाका लागि विद्युतीकरणसम्बन्धी कार्य जारी रहेको बताउनुभयो ।

आयोजना निर्माणका लागि समुदायको महत्त्वपूर्ण भूमिका रहने भएकाले सामाजिक कामलाई प्राथमिकता दिइएको भण्डारीले उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "समुदायसँग सहकार्य गर्दै आयोजनालाई सम्पन्न गराउनेतर्फ हामी लागिपरेका छौँ, विभिन्न सामाजिक काममा आयोजनाको तर्फबाट सहयोग रहँदै आएको छ ।"

# पेट्रोलको मूल्य घट्यो

**रासस**
काठमाडौं, २९ असोज

नेपाल आयल निगमले पेट्रोलको मूल्य घटाएको छ । निगमले आज राति १२ बजेपछि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर रु दुईले घटाएको हो ।

निगमका अनुसार डिजेल र मट्टितेलको मूल्य भने यथावत राखिएको छ ।

नयाँ कायम मूल्यअनुसार आज रातिबाट काठमाडौं उपत्यका, पोखरा र दीपायलमा पेट्रोल प्रतिलिटर रू १५९, सुर्खेत र दाङमा रू १५८ अन्य क्षेत्रमा रू १५६.५० कायम गरिएको छ ।

"इण्डियन आयल कर्पोरेशनबाट मूल्य बढेर आए पनि चाडपर्वलाई मध्यनगर गरी पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि गर्दा आम उपभोक्ता वर्गमा पर्न जाने मूल्यवृद्धिको चापलाई कम गर्न र मूल्य स्थिरता कायम गरी मुलुकभर पेट्रोलियम पदार्थको सहज आपूर्ति व्यवस्था गर्न खुद्रा बिक्री मूल्यलाई यथावत कायम गरिएको छ", निगमले भनेको छ ।

# मुस्ताङमा यस वर्ष एक अर्बभन्दा बढीको स्याउ उत्पादन

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २९ असोज

मुस्ताङमा गत वर्षको तुलनामा स्याउ उत्पादन बढेको छ । कृषि ज्ञान केन्द्र मुस्ताङका अनुसार गत वर्ष सात हजार २३८ मेट्रिकटन स्याउ उत्पादन भएकामा यस वर्ष सात हजार ६३६ मेट्रिकटन स्याउ उत्पादन भएको छ ।

गत वर्ष रु ९१ करोड ८६ लाख ७२ हजार बराबरको स्याउ बिक्री भएकामा यस वर्ष रु एक अर्ब १० करोड बराबरको स्याउ उत्पादन भएको केन्द्रले जनाएको छ । कृषि ज्ञान केन्द्र मुस्ताङका कृषि प्राविधिकहरुको स्थानीय किसानको फरक/फरक बगैँचा अनुगमन तथा स्याउको क्रप कटिङसम्बन्धी स्थानीय तहका कृषि शाखा र यहाँका किसानका आधारमा स्याउको उत्पादन निकालिएको केन्द्रका प्रमुख राजेश गुरुङले बताउनुभयो । यस वर्ष ८० प्रतिशत जिल्लाबाहिर निकासी भइसकेको छ भने १० प्रतिशत स्याउ जिल्लामै खपत भएको छ । साथै १० प्रतिशत हार्भेस्ट गर्न बाँकी रहेको केन्द्र प्रमुख गुरुङको भनाइ छ ।

यसवर्ष छ हजार १०८ मेट्रिकटन बढी स्याउ जिल्लाबाहिर निकासी हुँदा रु ८६ करोड १८ लाख ४० हजार मुस्ताङ भित्रिएको केन्द्र प्रमुख गुरुङले बताउनुभयो । साथै ७६३ मेट्रिकटन अर्थात् रु ११ करोड दुई लाख ३० हजार बराबर स्याउ जिल्लामै खपत भएको छ । अब ७६३ मेट्रिकटन स्याउ हार्भेस्ट गर्न बाँकी छ । यहाँ कूल ८३२ हेक्टर क्षेत्रफलमा स्थानीय जातको स्याउ र ६० हेक्टर क्षेत्रफलमा उच्च घनत्वको हाइब्रिड स्याउ उत्पादनशील क्षेत्र छ । जसमा स्थानीय स्याउ छ हजार ६९ मेट्रिकटन र हाइब्रिड स्याउ एक हजार ५६७ मेट्रिकटन उत्पादन भएको कृषि ज्ञान केन्द्रले बताएको छ । यहाँ स्थानीय स्याउ रु ७८ करोड ८९ लाख ७० हजार बराबरको उत्पादन भएको हो । हाइब्रिडतर्फ रु ३१ करोड ३४ लाख बराबरको स्याउ उत्पादन भएको केन्द्रले उल्लेख गरेको छ । कृषि ज्ञान केन्द्रका अनुसार मुस्ताङमा स्थानीय स्याउ प्रतिकेजी रु १३० र हाइब्रिड स्याउ प्रतिकेजी रु २०० मा बिक्री भइरहेको छ । यसवर्ष स्थानीय स्याउ प्रतिहेक्टर उत्पादकत्व १० दशमलव ४१ मेट्रिकटन र हाइब्रिड स्याउको प्रतिहेक्टर उत्पादकत्व २६ दशमलव १२ मेट्रिकटनले उत्पादन भएको केन्द्रले जनाएको छ । गतवर्ष स्थानीय स्याउ प्रतिहेक्टर उत्पादकत्व १० दशमलव ७४ मेट्रिकटन भएकोमा यसवर्ष शून्य दशलव ३३ मेट्रिकटन प्रतिहेक्टर उत्पादकत्व घटेको छ । यसैगरी गतवर्ष उच्च घनत्वको हाइब्रिड स्याउ प्रतिहेक्टर उत्पादकत्व २५ मेट्रिनटनले उत्पादन भएकोमा यसवर्ष प्रतिहेक्टर उत्पादकत्व एक दशमलव १२ मेट्रिकटन वृद्धि भएको छ । यहाँ स्थानीय र हाइब्रिड गरी समग्रतामा प्रतिहेक्टर उत्पादकत्व एघार दशलव ८७ मेट्रिकटन रहेको केन्द्रले जनाएको छ । यसवर्ष मुस्ताङको तल्लो क्षेत्रमा स्थानीय जातको स्याउ उत्पादनमा आंशिक ह्रास आएको देखिए माथिल्लो क्षेत्रमा स्थानीय जातका स्याउ उत्पादनमा कुनै असर नपुगेको कार्यालय प्रमुख राजेश गुरुङले बताउनुभयो ।

यसवर्ष स्याउ उत्पादनशील क्षेत्र वृद्धि भएकै कारण स्याउ उत्पादन बढेको हो । गतवर्ष ५६६ हेक्टर स्थानीय जातका स्याउ उत्पादनशील क्षेत्र रहेकामा १३ हेक्टर क्षेत्रफल विस्तार हुँदै यसवर्ष ५८३ हेक्टर क्षेत्रफल पुगेको हो । यसैगरी गतवर्ष ५० हेक्टर क्षेत्रफलमा उच्च घनत्वको हाइब्रिड स्याउ उत्पादनशील क्षेत्र रहेकोमा १० हेक्टर क्षेत्रफल विस्तार हुँदै ६० हेक्टर क्षेत्रफल पुगेको हो ।


**मादी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थुमाकोडाँडा, कास्की**
**गण्डकी प्रदेश, नेपाल**

मादी गाउँपालिका

## आ.व. २०८२/०८३ को आन्तरिक आयको ठेक्का सम्बन्धी बोलपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०६/३०**

मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलयबाट "स्थानीय सरकार सञ्चालन ऐन , २०७४" को परिच्छेद-९ दफा ६४ को उपदफा १ (च), "ढुङ्गा, गिट्टी,बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" को दफा ८, मादी गाउँपालिकाबाट स्वीकृत "नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् तथा संकलन कार्य गर्नको लागि तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE), २०८०", गाउँसभा बाट पारित आर्थिक ऐन २०८२ एवं गण्डकी प्रदेश सरकारको आर्थिक ऐन २०८२ समेतको आधारमा तपशिल बमोजिमका विभिन्न स्थानहरु बाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा) आदिको बिक्रि शुल्क संकलन प्रयोजनार्थ आय ठेक्का सम्वन्धी बोलपत्र आह्वान गरिएकोले ईच्छुक फर्महरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र निवेदन साथ फर्म दर्ताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र , आ.व ०८१/०८२ को कर चुक्ता प्रमाणहरुको प्रमाणित प्रतिलिपी वा म्याद थपको प्रमाणित प्रतिलिपि संलग्न गरी बोलपत्र फारममा रहेका शर्तहरुको अधिनमा रही रितपूर्वक Electronic Bid मार्फत बोलपत्र पेश गर्नको लागि आह्वान गरिन्छ । यस सम्वन्धी अन्य जानकारीहरु https://www.bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिनेछ ।

तपसिल

| बोलपत्र नं | घाटको विवरण | अधिकतम उत्खनन परिमाण (घ.मि.) | न्यूनतम रकम (मु.अ.कर सहित ) रु. | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| MRM/NCB/GHAT/02/082-083 | ढकाले ढोड रञ्जित खोला छहरे भिर | ११७७४ | ४२,३८,६४० /- | | ३००० |
| MRM/NCB/GHAT/03/082-083 | विरुवा इन्दी घाट १ र २ | ११५९४ | ४१,७३,८४०/- | | ३००० |
| MRM/NCB/GHAT/04/082-083 | पलमरीङ्ग घाट इन्दी खोला | ३२८३ | ११,८१,८८० /- | | ३००० |
| MRM/NCB/GHAT/05/082-083 | स्याङ्गे खेत क्षेत्र | ३२४२ | ११,६७,१२० /- | | ३००० |
| MRM/NCB/GHAT/06/082-083 | भगवती टार घाट | १४११० | ५०,७९,६००/- | | ३००० |
| MRM/NCB/GHAT/07/082-083 | मकै खोला | ५१२३ | १८,४४,२८०/- | | ३००० |
| MRM/NCB/GHAT/08/082-083 | भएरको थान माथी, मौरीवेशी | १३९८ | ५,०३,२८० /- | | ३००० |
| MRM/NCB/GHAT/09/082-083 | उपल्लो फाँट चमेरे ओडार | २०४७ | ७,३६,९२० /- | | ३००० |

**बोलपत्र खरिद, दाखिला र खोल्ने मिति, समय र स्थान**

| बोलपत्र नं | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | | बोलपत्र दाखिला गर्ने मिति र समय | | बोलपत्र खोल्ने मिति र समय | |
|---|---|---|---|---|---|---|
| | मिति | समय | मिति | समय | मिति | समय |
| MRM/NCB/GHAT/01---09/082-083 | २०८२/०७/१६ | ४:०० बजे | २०८२/०७/१७ | १२:०० बजे | २०८२/०७/१७ | १३:०० बजे |
| बोलपत्र फारम खरिद बापतको रकम जम्मा गर्ने बैंकको नाम | | माछापुच्छ्रे बैंक मादी- ३ याङ्जाकोट खाता नं ०७९००५१४७२९०००८३ | | | मादी गाउँ कार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की | |
| धरौटी रकम जम्मा गर्ने बैंकको नाम | | माछापुच्छ्रे बैंक मादी- ३ याङ्जाकोट खाता नं :०७९००५१४७२९०००११ | | | मादी गाउँ कार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की | |

**शर्त तथा बन्देजहरु**

१. पेश भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न वाधा पर्ने छैन ।
२. बोलपत्रदाताले कबोल गरेको रकमको ५ प्रतिशतले हुन आउने धरौटी वापतको रकम बैंक दाखिला गरी सक्कलै भौचर वा कम्तीमा १२० दिन म्याद भएको मादी गाउँपालिकाको नाममा जारी भएको बैंक जमानत (विड बण्ड) संलग्न गरी बोलपत्र फारम पेश गर्नुपर्नेछ। बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको सहीछाप नभएमा बोलपत्र मान्य हुने छैन ।
३. अन्य शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख भएको हकमा बोलपत्र फारममा र अन्यको हकमा सार्वजनिक खरीद ऐन २०६३ र नियमावलि २०६४ (संसोधन सहित) अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# मधेस प्रदेशको मुख्यमन्त्री पदमा सोनल नियुक्त

**रासस**
काठमाडौं, २९ असोज

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका नेता जितेन्द्रप्रसाद सोनल बुधबार मधेस प्रदेशको मुख्यमन्त्री नियुक्त हुनुभएको छ।

नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले उहाँलाई मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको हो।

नयाँ नेतृत्वका लागि बुधबारदिउँसो ४:०० बजेसम्म प्रदेशप्रमुखभण्डारीलेसमयसीमा तोक्नुभएकामा बिहान कांग्रस एमालेबाहेकको छ दलको ५७ सांसदसहित मुख्यमन्त्रीमा दाबी पेस गरेका सोनललाई प्रदेश प्रमुख भण्डारीले मुख्यमन्त्रीमा नियुक्त गर्नुभयो। सोनलले लोसपा, जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीको समर्थनमा सरकार गठनका लागि बहुमत दाबी गर्दै मुख्यमन्त्री नियुक्तिका लागि प्रदेश प्रमुखसमक्ष दाबी पेस गर्नुभएको थियो।

संविधानमा कुनै एक दलको स्पष्ट बहुमत नहुँदा प्रदेशसभामा बहुमत पुऱ्याउने आधारमा मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ।


## मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## थुमाकोडाँडा, कास्की
## गण्डकी प्रदेश, नेपाल

मादी गाउँपालिका

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

**प्रकाशित मितिः २०८२/०६/३०**

यस कार्यालयको मिति २०८२/०५/१९ गतेको "सौर्य दैनिक राष्ट्रिय दैनिक" पत्रिकामा प्रथम पटक प्रकाशित सूचना अनुसार ज्याम्दु चित्रे घाट कार्यको लागि E–Bidding मार्फत आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नामर ठेगाना | कबोल रकम रु. (V.A.T. and T.D.S) | कैफियत |
|---|---|---|---|---|
| MRM/NCB/GHAT/01/082-083 | Extraction of RiverBed Materials (stone,Gravel, aggregate, sand, etc) of Jyamdu Lamakhet (section-1 & section- 2) Ghat at Madi Rural Municipality, Kaski (For Internal Revenue Collection) | aadrian multipurpose construction , maharajgung - 3 Kathmandu | NRs.22,71,300.00/- | |

प्रमुख प्रशासकीय अधिकृत



## तपसिल बमोजिमका ऋणी सदस्य तथा धितो जमानीकर्ताहरुलाई धितो लिलाम सम्बन्धी ३५ (पैंतिस) दिने सार्वजनिक सूचना

**प्रकाशितः २०८२/०६/३०**

यस निबृत्त राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित ऋणीहरुले बिभिन्न शिर्षक अन्तर्गतको ऋण (कर्जा) लिनु भएकोमा ऋण लिंदाको बखत संस्थासँग गरेको सर्त सम्झौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज लगायतका रकमहरु नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी सर्तहरु उल्लङ्घन गरेकोले संस्थासँग लिएको सम्पूर्ण ऋण रकमको साँवा, ब्याज तथा हर्जाना चुक्ता गर्न पटक पटक मौखिक एवं लिखित रुपमा ताकेता गर्दा समेत वेवास्ता गरी नतिरी नबुझाई कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई बसेको हुनाले कर्जा चुक्ता गर्न आउनु भनी राष्ट्रिय दैनिक पोखरापत्र अखवारमा मिति २०८२/०२/०१ गते ३५ दिने सर्वजनिक सूचना प्रकाशित गरि सो को सूचना पत्र तथा मोवाईल फोनबाट सुचित गर्दा पनि स्व. सुकुमारी श्रेष्ठ का हकदार छोरा तथा व्यक्तिगत धनजमानी दिने तपाईं ऋणीहरुले संस्थालाई तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई, वेवास्ता गरी बसेकोले तपाईंहरुले कर्जा प्राप्त गर्न संस्थालाई धितो संरक्षणमा दिएको तपसिलमा उल्लेखित कित्ता नम्वरको जग्गा तपाईहरुबाट संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण बाँकी बक्यौता असुल उपर गर्न सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० तथा संस्थाको कर्जा लगानी तथा असुली कार्यविधी तथा प्रचलित नियम बमोजिम धितो लिलाम बिक्री गरी असुल उपर गर्नुपर्ने भएकोले यो धितो बिक्रीको ३५ (पैतिस) दिने सूचना प्रकाशित गरिएको छ, यो सूचना अखवारमा प्रकाशित भएको मितिले ३६ (छत्तिसौं) दिनसम्मको साँवा १५,००,०००।- व्याज ९,३०,६३०।- तथा बक्यौता हर्जना ९८,८७०।-, सूचना प्रकाशन खर्च १६,२००।- र अन्य खर्च २५,०००।- समेत गरी जम्मा रकम रु २५,७०,७००।- असुल हुनेगरी मिति २०८२/०८/०४ गते ११:०० बजेबाट १६:०० बजेसम्ममा लिलाम बढाबढ गरिने भएकोले उक्त जग्गा लिन ईच्छुक सम्पूर्ण व्यक्तिहरु पुतलिबजार नगरपालिका वडा नं १ हुलाक मार्गमा रहेको संस्थाको कार्यालयमा उपस्थित भई लिलाम बढाबढमा सहभागी हुन आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। लिलाम प्रक्रिया तथा जग्गा जमिनबारे जानकारी चाहिएमा कार्यालय समयमा संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ। सम्बन्धित ऋणी तथा निजका प्रतिनिधीहरु उपस्थित हुन चाहेमा लिलाम हुने मिति, स्थान र समयमा उपस्थित हुन समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपसिलः-

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | धितो सुरक्षण विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| **नामः स्व. कुमारी श्रेष्ठ**<br>ससुराको नामः हर्ष मान श्रेष्ठ<br>पतिको नामः तेज नारायण श्रेष्ठ<br>स्थायी ठेगानाः स्याङजा पुतलीबजार गा.वि.स. वडा नं. ९<br>नागरिकता नं. २१०९<br>जारी मितिः २०४२-२-१७<br>प्रतिलिपिः २०७१-२-८ |  | पुतलीबजार न. पा. ३ को कित्ता नं. ६१४ (०-२-२-३) २२४ (०-२-१-२) २०६ (०-०-३-३) र १०७३ (०-८-३-३) को जग्गा<br>**कर्जा शिर्षकः व्यापार** | **नामः श्याम कृष्ण श्रेष्ठ**<br>बाबुः तेज नारायण श्रेष्ठ<br>बाजेः हर्ष मान श्रेष्ठ<br>स्थायी ठेगानाः स्याङजा पुतलीबजार गा.वि.स. वडा नं. ९<br>नागरिकता नं. ४८२६८<br>जारी मितिः २०५५-८-१६ (प्रतिलिपि)<br>**नामः राम कृष्ण श्रेष्ठ**<br>बाबुः तेज नारायण श्रेष्ठ<br>बाजेः हर्ष मान श्रेष्ठ<br>स्थायी ठेगानाः स्याङ्जा पुतलीबजार गा.वि.स. वडा नं. ९<br>नागरिकता नं. १०९७५<br>जारी मितिः २०४७-५-२० | <br> |

**सर्त बन्देज**

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले बोलेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम नगदै धरौटी वापत तत्कालै यस सहकारी संस्थामा बुझाउनुपर्नेछ। (जसको व्याज प्राप्त हुने छैंन)
२. डांक बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
३. लिलाम सकार्ने व्यक्तिले संस्थाबाट लिलाम स्विकृतको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम संस्थामा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
४. लिलाम तोकिएको दिन बिदा परेमा सो को लगतै पछि संस्था खुलेको दिन लिलाम बढाबढ हुनेछ।
५. लिलाम सकारगरेको सम्पतिको स्वामित्व हस्तान्तरण तथा दा.खा. नामसारी गर्दा लाग्ने सम्पूर्ण खर्च तथा लाग्ने शुल्क तथा अन्य दस्तुर उक्त लिलाम सकार गरी लिनेलेनै व्यहोर्नु पर्नेछ।
६. सम्बन्धित ऋणीले लिलाम प्रकृया अगावै सम्पूर्ण कर्जाको रकम (साँवा, व्याज, हर्जाना तथा अन्य दस्तुर) तिर्न बुझाउन ल्याएमा लिलाम प्रकृया स्थगित गरिनेछ।
७. लिलाम प्रकृयामा धितो सम्पत्ति कसैले सकार नगरेमा प्रचलित कानुनको अधिनमा रही धितो सम्पत्ति यस संस्थाको नाममा सकार गरी लिन सक्नेछ।
८. धितो सम्पत्ति तथा लिलाम सम्बन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र यस संस्थामा सम्पर्क राखी जानकारी प्राप्त गर्न सकिनेछ।
९. धितो लिलाम बिक्री सम्बन्धी धितो लेखि दिने मानिस, ऋणी तथा व्यक्तिगत जमानीदिने मानिसहरुलाई समेत यसै सूचनाद्धरा जानकारी गराईएको मानिनेछ।

**लिलाम हुने मितिः २०८२/०८/०४ समयः ११:०० बजे देखि १६:०० सम्म लिलाम हुने स्थानः संस्थाको कार्यालय**
**सम्पर्क फोन नम्वरः ०६३-४२५२७३, ९८४९२५६७३६**

## निवृत्त राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## पुतलीबजार नगरपालिका -१, स्याङ्जा


# धमाधम सुक्न थाले ताल, संरक्षणमा चुनौती

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ असोज



बागलुङमा ताल सुक्दै गएपछि संरक्षणमा चुनौती बढेको छ। ढोरपाटन नगरपालिका–९ स्थित रुद्रताल, तमानखोला–२ स्थित बराहताल, जैमिनी–३ स्थित गाजा दह (ताल), काठेखोला–४ को खोरताल र बागलुङ–१० स्थित बराहतालमा पानी सुक्दै गएपछि संरक्षणमा चुनौती बढेको हो। गाउँ तथा नगरपालिकाले संरक्षण गर्नका लागि डोजर चलाएपछि तालमा पानीको सहत घटेर सुक्न थालेका हुन्।

एक दशक अगाडिसम्म बागलुङका ग्रामीण क्षेत्रमा सडक पुगेका थिएनन्। जब गाउँगाउँमा मोटरबाटो पुगे त्यसपछि तालमा पानी कम हुँदै गएको ढोरपाटन नगरपालिका–९ का धनबहादुर पुनले बताउनुभयो। नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन जाने सडक छेउमै रहेको तालले पर्यटकलाई आकर्षित गर्दै आएको थियो। तर सात वर्ष अगाडि नगरपालिकाले ताल वरपर डोजर लगाएपछि करिब ९० प्रतिशत पानी सुकेको उहाँको भनाइ छ। पुनले भन्नुभयो, "पहिले रुद्राताल ठूलो थियो, धार्मिक आस्थाका हिसाबले यहाँ पूजाआजा गर्दा मनोकाङ्क्षा पूरा हुन्छ भन्ने मान्यता थियो, यहाँको जलले स्नान गर्दा शरीरमा कुनै पनि रोग लाग्दैन भन्थे, अहिले त पानी सुकेर हिलोमात्र छ, जब यहाँ डोजर लगाएर सम्याउने काम भयो, त्यसपछि तालको पानी सुक्यो, अहिले त नामको मात्र ताल छ, तालमा पानी छैन।" जैमिनीको गाजा दहमा पनि डोजर लगाएपछि झण्डै ४० प्रतिशत पानी घटेको स्थानीयको दाबी छ। चार वर्ष अगाडि डोजर लगाएर तालको क्षेत्रफल विस्तार गरिएको थियो। काठेखोला गाउँपालिका–४ तङ्ग्रामस्थित खोरताल ६ वर्ष अगाडिसम्म पानीले भरिभराउ थियो। तालको बीचमा जमेको पानी बाह्रै महिना रहन्थ्यो। तर अहिले तालमा पानी होइन कमिला डुल्छन्।

आर्थिक वर्ष २०७९/८० काठेखोला गाउँपालिकाले डोजर लगाएर कङ्क्रिटको पर्खाल लगाएपछि ताल सुकेको स्थानीय गङ्गाबहादुर किसानको भनाइ छ। गाउँमा जथाभावी सडक निर्माण र तालमा डोजर लगाएपछि पानी रित्तिएको उहाँ बताउनुहुन्छ। तालमा एकाएक पानी सुक्न थालेपछि आफूहरू अचम्मित भएको किसानले बताउनुभयो।

"पाँच–छ वर्ष अगाडि पानीले भरिभराउ ताल अहिले पूरै रित्तै छ, ताल ठूलो थियो, सफा पानी हुन्थ्यो, हामी सानो हुँदा यही पानी भरेर खान्थ्यौँ", उहाँले भन्नुभयो, "तालमा डोजर लगाउनु हुँदोरैनछ, पानी रोक्नलाई गाउँपालिकाले सिमेन्टको पर्खाल लगायो, तर तालको पानी सबै सकियो।"

तमानखोला गाउँपालिकाले पनि काललाई व्यवस्थित गर्न रु ३० लाख लगानी गरेर संरक्षण थालेको थियो। तर अहिले संरक्षण गर्दा उल्टै ताल नै सुक्न थालेको छ। गाउँपालिकाले ताल संरक्षणका लागि तारबार लगाउनुका साथै त्यसवरपर थुप्रै पर्यटन पूर्वाधार निर्माण गरेको छ। गाउँपालिका अध्यक्ष जोकलाल बुढामगरले पानीको स्रोत भएको ठाउँमा डोजर प्रयोग गर्दा मुहान नै सुक्ने बताउनुभयो। पालिकाले व्यवस्थित गर्न डोजर चलाउँदा विभिन्न ठाउँमा पानीको मुहान सुकेपछि अहिले त्यस्ता ठाउँमा मेसिन प्रयोग गर्न छाडेको बताउनुभयो। त्यसैगरी, बागलुङ नगरपालिका–१० स्थित भकुण्डेको बराहतलमा पनि पानी केही कम भएको पाइएको छ। बागलुङ बजार नजिकै रहेको यो ताल पर्यटकीय गन्तव्य बनेको छ। अन्य तालका तुलनामा यसमा पानी अलि बढी छ। यहाँ बिदाको समय धेरै पर्यटक पुग्ने गरेका स्थानीय बताउँछन्।

बागलुङ र रुकुमपूर्वको सिमानामा रहेको रिगतालमा पनि निसीखोला गाउँपालिकाले डोजर चलाएपछि पानी घटेको स्थानीयको भनाइ छ। मध्यपहाडी लोकमार्गमा पर्ने पातीहाल्नेभन्दा केही माथिपट्टि पर्ने यस तालमा दैनिक पर्यटक पुग्ने गर्छन्। तर पानीको मात्रा घट्दै गएपछि ताल संरक्षणमा चुनौती बढेको छ।

# कालीगण्डकी करिडोरमा पहिरोको चुनौती

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ असोज

कालीगण्डकी करिडोरअन्तर्गत बागलुङ नगरपालिका–१० दब्ल्याङमा पहिरोले दुःख दिन थालेको पाँच वर्ष पुग्यो। हरेक बर्खामा एउटै स्थानबाट पहिरो खस्दा सडकमा यातायात अवरुद्ध हुँदै आएको छ।

यस वर्षको बर्खामा भने बागलुङ नगरपालिका–१३ कालाखोला बगरमा ठूलो पहिरो थपिएको छ। उक्त स्थानमा पहिरोले सडकको ५० मिटर ट्रायक नै क्षति पुऱ्याएको छ। राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको कालीगण्डकी करिडोरको गैँडाकोट–राम्दी–मालढुङ्गा खण्ड ठूला चट्टान काटेर सडक स्तरोन्नति गरिएकाले ठूला पहिरो खसिरहेको छ। कालीगण्डकी करिडोरको गैडाकोट–राम्दी–मालढुङ्गा खण्डमा पर्ने २४० किमिमा एक दर्जनभन्दा बढी स्थानमा पहिरोको समस्या रहेको आयोजना कार्यालय पाल्पाका इञ्जिनियर उत्सव बस्यालले बताउनुभयो। गैडाकोट–राम्दी–मालढुङ्गा खण्डमा पर्ने २४० किमि र कालीगण्डकी लोकमार्गको मिर्मि–सेतिवेनी–अर्मादी–कुश्माको ५३ सहित जम्मा २९३ किमि सडक रहेकोमा अहिलेसम्म ८० प्रतिशत भौतिक र ७० प्रतिशत वित्तीय प्रगति सम्पन्न भएको इञ्जिनियर उत्सव बस्यालले बताउनुभयो। उक्त खण्डमा पहिरो मर्मतमै रु ८० करोड खर्च लाग्ने अनुमान गरिएको छ। आर्थिक वर्ष २०६६/६७ बाट सुरु भएको गैँडाकोट–राम्दी–मालढुङ्गा खण्ड २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य छ। रु २० अर्ब लागत अनुमान गरिएको उक्त खण्डको ७८० प्रतिशत भौतिक प्रगति सम्पन्न गर्न रु १४ अर्ब सात करोड खर्च भइसकेको छ। अन्तिम चरणमा आएको आयोजनामा चट्टानसहितको पहिरोको चुनौती थपिएको भन्दै पहिरो रोकथामका लागि मात्रै झण्डै रु ८० करोड खर्च लाग्ने देखिएको उहाँको भनाइ छ। "बागलुङमा तीन ठाउँमा पहिरोले सडकको ट्रायाक नै बगाएको छ, पुरानै अवस्थामा फर्काउन ठूलो खर्च लाग्छ, अहिले कालोपत्र सम्पन्न भइसकेको खण्डमा समेत चट्टानसहितको पहिरोले समस्या बनाएको छ, पन्छाउने मात्रै काम भइरहेको छ", इञ्जिनियर बस्लालले भन्नुभयो, "अक्करे भीर काटेर बनाइएको सडकमा चट्टानसहितको पहिरो खस्ने काम निरन्तर चलिरहेको छ, बजेट हुँदा साथ पहिरो मर्मततर्फ आयोजनाको ध्यान जान्छ।" गैँडाकोट–राम्दी–मालढुङ्गा खण्डमध्ये बागलुङ खण्डमा ३४.७० किमि सडक पर्दछ। जसमध्ये बलेवा–जैमिनी खण्डको २४ किमि सडक कालोपत्र सम्पन्न भइसकेको छ भने बलेवा–मालढुङ्गा सडकको १० किमि सडक कालोपत्रको चरणमा छ। बलेवा–मालढुङ्गा खण्डमा भने बल्ल ५६ प्रतिशत भौतिक प्रगति भएको छ। विसं २०७९ मङ्सिर २६ गते ३६ महिनामा निर्माण सक्ने गरी कालिका कन्ट्रक्सनले करिडोरको बलेवा हर्मिचौर खण्डको जिम्मा लिए र सम्पन्न गरेको छ भने बलेवा मालढुङ्गा खण्डको १० किमि सडक खड्का, कृष्ण बिएन जेभीले २०७९ मङ्सिर २९ गते दुई वर्षमा सक्ने गरी ठेक्का सम्झौता गरिएको थियो। ठेक्का नसक्दा म्याद थप गरेर काम गरिरहेको छ। चालु आर्थिक वर्षमा समेत उक्त खण्डको काम सम्पन्न गरिने र करिडोरको ध्यान ठूला पहिरो मर्मतमा जाने इञ्जिनियर बस्यालको भनाइ छ।


## विमा लेख हरायो

**मिति २०८२ साल भदौ २ गते वालिङ मोडबाट मिर्दी जादै गर्दा मेरो निम्न व्यहोराको बिमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा वा उल्लेखित ठेगानामा बुझाईदिनु हुन अनुरोध छ।**

**नाम : बिजय कोइराला**
**बिमालेखा नं. : १३००२५५३०**
**ठेगाना : वालिङ ३ (हाल वालिङ ८), स्याङ्जा**
**सम्पर्क नं. : ०६३–४४१६५३**